नेपाल सरकार
Government of Nepal
कृषि विकास मन्त्रालय
Ministry of Agricultural Development
सिंहदरबार, काठमाण्डौ, नेपाल
Singhdurbar, Kathmandu, Nepal

AFACI
Asian Food & Agriculture Cooperation Initiative

# बन्दा खेती पात्रो (Cabbage Cropping Calendar)

| महिना | बैशाख | जेष्ठ | आषाढ | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हप्ता | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ |
| मौसम | | | | | | | | | | | | |


खेतको तयारी अवस्था


बेर्ना लगाइएको


गोड्मेल, मलखाद र सिंचाई व्यवस्थापन


दोस्रो मलखाद र सिंचाई व्यवस्थापन


बन्दाको तयारी अवस्था

## बन्दा

नेपालको मध्य पहाडी क्षेत्रमा वर्षै भरिनै बन्दा खेती गर्न सकिन्छ। बन्दा खेती बलौटे देखि चिम्टाइलो सबै किसिमका माटोमा गर्न सकिन्छ। यसलाई ६.०-६.५ माटोको पि.एच. राम्रो मानिन्छ।

## जातहरु

- **लेट लार्ज ड्रम** - यो बेर्ना सारेको ११५-१२० दिनमा तयार हुन्छ र सरदर उत्पादन १८००-२५०० के.जी. प्रति रोपनी हुन्छ।
- **कोपेन हेगन मार्केट** - यो बेर्ना सारेको ७०-८० दिनमा तयार हुन्छ र सरदर १२००-१५०० के.जी. प्रति रोपनी उत्पादन हुन्छ।
- **गोल्डेन एकर** - यो अगौटे जात भएकोले ६५-७५ दिनमा तयार हुन्छ र सरदर १०००-१२०० के.जी. प्रति रोपनी उत्पादन दिन्छ।
- **प्राइड अफ इन्डिया** - यो बेर्ना सारेको ८०-८५ दिनमा तयार हुन्छ र सरदर १०००-१२०० के.जी. प्रति रोपनी उत्पादन दिन्छ।

यी जातहरु मुख्य मौसममा खेती गरिन्छ भने हाइब्रिड जातहरु बेमौसमी खेती गर्न असार देखि मंसिर सम्म उपयुक्त हुन्छ।

**बीउ दर** - १ रोपनीको लागि २०-३० ग्राम बीउ भए पुग्छ।
**दूरी** - अगौटे - ४० x ४० से.मी.
मध्यम र पछौटे - ५० x ५० से.मी.
७५ x ३० से.मी.

## बेर्ना सार्ने र बाली लिने समय

नेपालको भौगोलिक क्षेत्र अनुसार बन्दाको खेती सालभरि नै गर्न सकिने भएकोले तलको तालिका अनुसार यसलाई लगाउन सकिन्छ।















| भौगोलिक क्षेत्र | बेर्ना सार्ने समय | बाली लिने समय |
|---|---|---|
| उच्च पहाड | फाल्गुन-भाद्र | जेष्ठ-मंसिर |
| मध्य पहाड | सालभर | वर्षैभरि |
| खोंच, बेंसी, तराई | भाद्र-माघ | मंसिर-चैत्र |

## कीराहरु

**बन्दाको पुतली** (Cabbage butterfly)

**रोकथाम** - नुभान ७५ ई.सी. ६-७ एम.एल./१० लिटर पानीमा मिसाई छर्ने अथवा
- फेनफेन २० ई.सी. ५ एम.एल./१० लिटर पानीमा मिसाई छर्ने।
- साइ्थायन ५० ई.सी. १० एम.एल./१० लिटर पानीमा मिसाई छर्ने।

## बन्दाको लाही

**रोकथाम** - नुभान १ एम.एल./ १.५ लि. पानीमा वा रोगर ४० ई.सी. ५ एम.एल./४ लि. पानीमा मिसाई छर्ने।
- मारगोसन निमको झोल ३ एम.एल./ लि. पानीमा लाही दखिने वित्तिकै ७ दिनको फरकमा तीन पल्ट छर्ने।
- ९ भाग पानीमा १ भाग जिवाड मिसाई २-२ दिनको फरकमा ५-६ पटक छर्दा लाही नियन्त्रण हुन्छ।
- एक भाग गाईभैसीको गोत्रमा १० भाग पानी मिसाई लाही देखिनासाथ ३-४ दिनको फरकमा पूरै पात भिज्ने गरी ३ पटक छर्दा लाहि नियन्त्रण हुन्छ।

## बन्दाका रोगहरु

**जराको गाँठे रोग** (Club root) – यो रोग अम्लीय माटोमा लाग्ने ढुसीजन्य रोग हो। ढुसी जराभित्र पसेर गाँठो बनाई बोट कमजोर बनाउँछ।

**उपचार** – (१) माटोको पि.एच. मान ७.० – ७.३ हुने गरी चुनाको प्रयोग गर्नु पर्दछ।
(२) संजीवनी र चिनी १०० ग्रामका दरले २० लिटर पानीमा मिसाई सो झोल बनाएर व्याडको बेर्ना र माटो राम्ररी भिज्ने गरी छर्कनु पर्दछ।

**बेर्ना कुहिने रोग** (Damping off) – यो ढुसीबाट लाग्ने रोग हो। जमिनको सतह माथि ढुसी बेर्नाको फेदमा पानीले भिजे जस्तो दाग देखिन्छ, बेर्ना ओइलाई ढल्ने र मर्ने गर्दछ।

**उपचार** – (१) फर्मालिनले व्याडको उपचार गर्ने।
(२) डाइथेन एम-४५ वा थिरमको ०.२% झोल वा वेभिष्टिन ०.१% झोलले व्याडको उपचार गर्ने।

**पातको टुप्पा डढ्ने** – बन्दाको पहिलो पातको टुप्पा र किनारको भाग हल्का खैरो देखिने र पछि कालो भएर जाने हुन्छ, यो क्याल्सियम तत्वको कमीले हुने गर्छ।

**उपचार** – क्याल्सियमको कमीले हुने भएकोले क्याल्सियम युक्त मल जग्गा तयारीको बेला प्रयोग गर्नु पर्दछ।















## सन्दर्भ सामाग्री


तरकारी खेती प्रविधि-२०६८, कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्यांक महाशाखा, कृषि विकास मन्त्रालय, काठमाडौं।